नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**

**विश्व बसोबास दिवस, २०८२**
***"Urban Solutions to Crisis- शहरी संकटः सहकार्यमा समाधान"***

**प्रेस नोट**

१. सबैको लागि सुरक्षित र उपयुक्त आवास सुनिश्चित गर्दै दिगो शहरी विकासमा योगदान पुऱ्याउने मुख्य उद्देश्यसहित विश्वको ध्यानाकर्षण गर्ने हेतुले संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रम (युएन् ह्याबिट्याट) को पहलमा सन् १९८६ देखि हरेक वर्ष अक्टोबर महिनाको पहिलो सोमबारका दिन विश्व बसोबास दिवस मनाउँदै आइएको सर्वविदितै छ। यसै अनुरुप नेपालमा पनि सन् २००१ देखि विभिन्न सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रमको नेपालस्थित कार्यालय र विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूसँगको सहकार्यमा नेपाल सरकारले यो दिवस मनाउँदै आइरहेको छ। यस वर्ष अक्टोबर महिनाको पहिलो सोमबार दशैं परेकोले दोस्रो सोमबार (१३ अक्टोबर सन् २०२५) अर्थात २०८२ साल असोज २७ गते शहरी विकास तथा भवन निर्माण विभागको हलमा यो दिवस कार्यक्रम मनाउने निर्णय भएको छ।

२. यो वर्ष विश्व बसोबास दिवसको नारा **"Urban Solutions to Crisis"** रहेको छ। कार्यक्रम मूल तयारी समितिको बैठकले उक्त नाराको भावानुवाद गर्दै नेपालका लागि **"शहरी संकटः सहकार्यमा समाधान"** नारा तय गरेको छ।

३. पछिल्लो समय समग्र विश्वले नै जलवायुजन्य एवं युद्ध लगायतका विभिन्न मानवीय द्वन्द्वहरू झेलिरहेको छ। यी द्वन्द्व तथा प्रकोपहरूको चपेटामा परि समग्र शहरी तथा बसोबास प्रणालीमा मानवीय, भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संकटहरू बढ्दै छन् । यसले मानव सभ्यतामा नै गम्भीर चुनौती खडा गरेको छ। वर्षेनी लाखौं मानिसहरू आफ्नो थातथलोबाट विस्थापित हुने गरेका छन्। यसरी प्राकृतिक र मानवीय विपत्तीबाट निम्तिने गम्भीर परिणामका असरलाई कम गरि संकट सामनामा शहर तथा वस्तीहरूको क्षमता बढाउनु अपरिहार्य भएको छ। सामूहिक सहकार्य र सत्प्रयासहरूबाट नै यी संकटलाई चिर्दै न्यायोचित समाज निर्माण गर्न सकिने भएकोले सबैको हातेमालो अपरिहार्य छ।

४. नेपालका शहर र गाँउ बस्तीहरूले निरन्तर रुपमा भूकम्प, बाढीपहिरो, डुबान, आगजनी, तापक्रम वृद्धि लगायतका विभिन्न संकटहरू झेलिरहेका छन्। तीनै तहका सरकार, विकास साझेदार संस्था र विभिन्न संघसंस्थाको सहकार्यमा नेपालले यस्ता विपद्हरुको सामना गर्दै र उत्थानशील समाज निर्माणको बाटोमा अघि बढ्दै आएको पनि छ। नेपालको राष्ट्रिय आवास नीति, २०६८, शहरी नीति २०८१, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र राष्ट्रिय भवन संहिताहरूले उत्थानशील समाज, दिगो बसोबास र सुरक्षित संरचनाको अपरिहार्यतामा जोड दिएका छन्।

५. नेपालमा हालैको बाढी पहिरो र गत भदौ महिनामा भएको जेनजी आन्दोलन र त्यसपछिको विकसित परिस्थितिबाट समग्र शहरी प्रणाली (शहरी शासन, विपद् र सामाजिक उत्थानशीलता) मा गम्भीर असर परेको तथ्यलाई मनन गर्दै शहरी संकट सामना गर्ने क्षमता वृद्धिमा जोड दिन विश्व बसोबास दिवसले हामी सबैलाई सन्देश दिएको छ। द्वन्द्व, राजनीतिक उतारचढाव, जलवायु परिवर्तन, आर्थिक मन्दी जस्ता संकटहरूका लागि शहरहरू सधै तयारी अवस्थामा रहनु पर्ने हुन्छ। अकस्मात आइलाग्ने यस्ता संकटले शहरमा सुरक्षा चुनौतीसंगै सेवा प्रवाहमा अवरोध आउछ र सीमित स्रोत साधनमाथि असीमित दवाव पर्न आउँछ। भूकम्प, अग्नी संकट, बाढी, पहिरो, डुबान जस्ता प्रकोप सामना गर्दै चुस्त दुरुस्त सेवा प्रवाहका लागि नीतिगत र संस्थागत स्पष्टता सहित प्रभावकारी कार्यान्वयनमा शहरी विकास मन्त्रालयले सधै जोड दिदै आएको छ। यिनै विषयवस्तुहरू समेटेर जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट भएको क्षतिको आँकलन र पुनर्निर्माणको कार्यदिशा तथा शहरी संकटका विभिन्न आयाम र समाधानका उपायका सम्बन्धमा तीनै तहका सरकार, विभिन्न संघसंस्थाहरू र समुदायको प्रभावकारी समन्वयबारे यो बर्षको विश्व बसोबास दिवसमा छलफल तथा अन्तरक्रियाहरू आयोजना गरिनेछ। यो बर्षको नारामा आधारित रही स्थानीय स्तरमा छलफल, अन्तरकिया गरि विश्व बसोबास दिवस मनाउनुहुन सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अनुरोध गरिन्छ।

धन्यवाद !

२०८२/०६/२६

आ. एकराज अधिकारी
उपमहानिर्देशक / सदस्य सचिव
(विश्व बसोबास दिवस, २०८२ मूल आयोजक समिति)